सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ३३९ ♦ २०८२ साल साउन ८ गते विहिवार ♦ 24 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# जनकपुरधामको 'मणिमण्डप'लाई विवाह स्थलको रूपमा अघि बढाउनुपर्छ : उपप्रधानमन्त्री सिंह

**खबर दर्पण समाचारदाता**

**साउन ७ गते, महेन्द्रनगर**

सहरी विकास मन्त्री तथा उपप्रधानमन्त्री प्रकाशमान सिंहले ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले अतुलनिय महत्त्व रहेको जनकपुरधामको सीता पुष्पवाटिका (मणिमण्डप) लाई हिन्दु धर्मावलम्बीका लागि विवाह स्थलको रूपमा अघि बढाउनुपर्ने बताउनुभएको छ ।

सङ्घिय सहरी विकास तथा भवन



निमार्ण कार्यालय जनकपुरधाम धनुषाद्वारा जनकपुरधाम उपमहानगरपालिका-१३ मा निमार्ण गरिएको सीता पुष्पवाटिका (मणिमण्डप)को उद्घाटन पश्चात आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले त्रेता युगमा भगवान् राम र जगतजननी सीताको विवाहका लागि भगवान् विश्वकर्माले मणी जरीत मण्डप निमार्ण गरेकै कारण यस स्थलको नाँउ मणिमण्डप परेको जनविश्वास रहेको बुझन आएकोले यसको समुचित विकासका लागि मन्त्रालयले विभिन्न खालका संरचनाहरू निमार्ण गरेको बताउनुभयो । उहाँले यस स्थललाई सक्रिय स्वरूपमा ल्याउनका लागि तिनै तहका सरकारले काम गर्नु पर्नेमा जोड दिनुभयो । उहाँले यस ऐतिहासिक स्थललाई प्रचार प्रसार गरी विश्वमानै पहिचान दिलाउनका लागि हामी सबै दतचित भएर लाग्नुपर्ने उल्लेख गर्नुभयो ।

उपप्रधानमन्त्री सिंहले यस स्थलको सौन्दर्य वृद्धिका लागि बाँकी रहेका काम गर्नका लागि हामी अगाडि बढने बताउँदै खडा भएको यस संरचनाको सम्वर्धनका लागि स्थानीयवासीको भूमिका महत्त्वपूर्ण रहने बताउनुभयो । कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले यस एतिहासिक स्थललाई विवाह स्थलको रूपमा प्रचार प्रसार हुनु पर्नेमा जोड दिनु भयो । उहाँले यसलाई विवाह स्थलको रूपमा प्रचारप्रसार भएमा जनकपुर धाममा पर्यटकको आगमन बढ्ने र यसले देशको अर्थतन्त्रमा ठुलो मद्दत पुग्ने बताउनुभयो।

*बाँकी पृष्ठ २ मा*



# मधेशमा अहिले पानीको समस्या देखिनुमा चुरे दोहन प्रमुख कारण




**खबर दर्पण समाचारदाता**

**साउन ७ गते, महेन्द्रनगर**

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले चुरे दोहन नरोकेसम्म चुरे संरक्षण हुन नसक्ने बताउनुभएको छ ।

बुधवार नेपाली कांग्रेस धनुषा जिल्ला कार्यसमितिको कार्यालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले मधेशमा अहिले पानीको समस्या देखिनुमा चुरे दोहन प्रमुख कारण रहेकाले चुरे संरक्षणमा सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

उपप्रधानमन्त्री सिंहले मधेशमा देखिएको पानीको समस्या समाधान गर्न सरकार गम्भीर रहेको बताउनुभयो । मन्त्रिपरिषद् बैठकले मधेशमा देखिएको पानीको समस्या समाधानका बारेमा केही ठोस् निर्णय गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उपप्रधानमन्त्री सिंहले पार्टीभित्र अस्वस्थ प्रतिस्पर्धाले कसैको हित नगर्ने बताउँदै भन्नुभयो, "एकले अर्कोलाई गाली गरेर पार्टी बलियो हुँदैन । हिलो छ्यापाछ्याप गर्नुभन्दा पार्टीभित्रका कमीकमजोरी र त्रुटि सच्याउनुपर्छ । अस्वस्थ प्रतिस्पर्धाले कसैलाई राम्रो गर्दैन ।"


नेपाली कांग्रेसका पूर्व महामन्त्रीसमेत रहनुभएका सिंहले पार्टीको सङ्गठन सुदृढीकरणमा सबैले सहकार्य र समन्वय गरी लाग्नुपर्नेमा जोड दिनुभयो । कांग्रेस कमजोर भए प्राप्त उपलब्धि गुम्ने खतरा रहेको भन्दै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न पार्टी बलियो बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा स्थानीय सरकारका प्रमुखहरूले इतिहासमै यसपटक सहरी विकास मन्त्रालयबाट धेरै बजेट परेको भन्दै धन्यवाद दिनुभएको थियो । उपप्रधानमन्त्री सिंहले आजै धनुषामा सहरी विकास मन्त्रालयले निर्माण गरेको सीता पुष्प वाटिका (रामसीता विवाह मण्डप) र महोत्तरीको जलेश्वरमा निर्मित बहुउद्देश्यीय भवनको समुद्घाटन गर्नुहुनेछ ।-रासस

**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# 'मधेश प्रदेशमा कांग्रेस नेतृत्वको सरकार चाँडै गठन हुन्छ'

**खबर दर्पण समाचारदाता**

**साउन ७ गते, बर्दिवास**

नेपाली कांग्रेस मधेश प्रदेशका प्रचार विभाग संयोजक नितेश गुप्ताले सत्ता गठबन्धन दलको सहमतिअनुसार मधेश प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार चाँडै गठन हुने बताउनुभएको छ।

नेपाली कांग्रेस पार्टी कार्यालय गौर मा पत्रकारसँग कुराकानी गर्दै उहाँले कांग्रेस नेतृत्वमा मधेश प्रदेश सरकार गठनको लागि गृहकार्य भइरहेको बताउनु भएको हो। उहाँले भन्नुभयो, "कांग्रेस र एमालेबीच कांग्रेसको नेतृत्वमा सरकार गठनको सहमति भइसकेकोले चाँडै मधेशमा सरकार परिवर्तन हुनेछ।"

"जनमत पार्टीको नेतृत्वमा रहेको वर्तमान सरकारले एक वर्ष पुरा गरिसकेको छ, आलोपालो नेतृत्व गर्ने सहमतिअनुसार अब चाँडै कांग्रेसको नेतृत्वमा सरकार गठन हुन्छ", गुप्ताले भन्नुभयो, "कांग्रेस र एमालेबिच मधेश सरकार गठनको लागि गृहकार्य भइरहेको छ।" जनमतले पूर्वसहमतिअनुसार पनि सरकार छाड्नुपर्ने र कांग्रेसलाई हस्तान्तरण गर्नुपर्ने उहाँको भनाइ छ।

मधेश प्रदेशमा एमाले सबैभन्दा ठुलो दल छ भने कांग्रेस दोस्रो ठुलो दल हो। मधेश प्रदेशमा एमालेका २३ र कांग्रेसका २२ प्रदेशसभा सदस्य हुनुहुन्छ। यस्तै सरकार गठनका लागि आवश्यक ५४ सङ्ख्या पुऱ्याउन लोकतान्त्रिक समाजवादी पार्टी, सङ्घीय समाजवादीलगायतका पार्टीसँग छलफल भइरहेको उहाँले बताउनुभयो। लोसपाका आठ र सङ्घीय समाजवादीका एक जना प्रदेश सभा सदस्य हुनुहुन्छ।

नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवको नेतृत्वमा मधेश सरकार गठन हुने गुप्ताले बताउनुभयो। मधेश प्रदेशमा रहेका सबै दलसँग सहकार्य र समन्वय गरेर कांग्रेस र एमाले अघि बढनेसमेत उहाँले बताउनुभयो।

# जनकपुरधामको 'मणिमण्डप'लाई विवाह ......



"अहिले पनि यस ठाँउमा आउने पर्यटकलाई टिकाउनका लागि पूर्वाधारको अभाव रहेको भन्दै सङ्घ सरकारले खुला हृदयले यस क्षेत्रमा लगानी गर्नुपर्ने छ", उहाँले भन्नुभयो । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाली कांग्रेसका सह महामन्त्री एवम पुर्व मन्त्री महेन्द्र यादव, नेपाली कांग्रेसका नेता एवम राष्ट्रिय सभा सदस्य आनन्द ढुङ्गाना सहितकाले मणिमण्डप भगवान् राम सीताको वैवाहिक स्थल रहेको भन्दै यसको प्रचारप्रसार आवश्यक रहेको उहाँको भनाइ छ ।

सीतापुष्पबाटिका(मणिमण्डप) आयोजना अन्तर्गत यस क्षेत्रमा सुविधा सम्पन्न प्यालेश भवन सहित दुई वटा धर्मशाला, दुई वटा पभेलियन निर्माण गरिएको छ ।

प्यालेस भवनमा ७० जना अटाउने हल सहित १६ वटा बेडरुम, एउटा डायनिङ हल, एउटा किचेन, एउटा म्युजियम ओसफिस, एउटा टिकट काउन्टर कोठा, दुई वटा स्टोर कोठा सहितका संरचनाहरू रहेको छ ।

त्यसैगरी दुई वटा सुविधा सम्पन्न धर्मशाला जसमा १३ वटा डोर मिटोरी रुम ,एउटा डाइनिङ हल, एउटा किचेन, विवाहमण्डप, दुई वटा पवेलियम र १० कोठे पसल रहेको सङ्घीय सहरी विकास तथा भवन निमार्ण कार्यालयका निमित प्रमुख विनोद यादवले कार्यक्रममा जानकारी दिनुभयो । उहाँले सीतापुष्पबाटिका(मणिमण्डप) आयोजना अन्तर्गतको संरचनाहरू निमार्ण गर्दा हाल सम्ममा १८ करोड ५३ लाख २१ हजार रुपैया खर्च भइसकेको जानकारी दिनुभयो ।

# कमलास्थित वन क्षेत्रभित्रको जग्गा अनधिकृत रूपमा किनबेच भइरहेको खुलासा



**खबर दर्पण समाचारदाता**

**साउन ७ गते, बर्दिवास**

धनुषाको गणेशमान चारनाथ नगरपालिका-६, रक्ताही कमलास्थित वन क्षेत्रभित्रको जग्गा अनधिकृत रूपमा किनबेच भइरहेको खुलासा भएको छ । स्थानीय र भूमाफियाको मिलेमतोमा कपाली तमसुक बनाएर वनको जग्गा खरिद-बिक्री हुने गरेको खुलासा भएको हो ।

स्थानीय केवलकिशोर यादवले सो वन क्षेत्रभित्रको नौ कट्ठा जमिन धनुषाधाम नगर पालिका-९, यज्ञभूमिका साने खत्रीलाई बिक्री गरेको भेटिएछि यस्तो तथ्य खुलेको सब डिभिजन वन कार्यालय गोदारका वन अधिकृत भगलु मण्डलले बताउनुभयो ।

यादवले सो जमिन आफ्नो हकभोगमा रहेको भन्दै नौ कट्ठा जमिन दुई लाख ८८ हजार रुपियाँमा खत्रीलाई बिक्री गरेको प्रमाण भेटिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार वन क्षेत्रभित्रको जमिन खरिद बिक्री गैरकानुनी हो ।

स्थानीय अनुसार २०५० सालतिर कमला नदीमा आएको ठुलो बाढीले ल्याएको गिट्टी, बालुवाले यो वन क्षेत्र पुरेको थियो । त्यसको केही वर्षपछि केही स्थानीयले यो जग्गा खनजोत गरी अन्नबाली लगाउन थाले ।

यही खनजोतलाई आधार बनाएर केही व्यक्तिले जग्गा आफ्नो भएको दाबी गर्न थालेका छन् । यसैको आडमा गाउँका धनीमानी व्यक्ति र बाहिरका मानिसले समेत यस क्षेत्रमा जग्गा कब्जा गरेका छन् । यस ठाउँमा यसरी नै कपाली तमसुक बनाएर जमिन खरिद बिक्री हुने गरेको स्थानीयको भनाइ छ ।

वन क्षेत्रभित्रको जग्गाको अनधिकृत किनबेच बढेपछि सव डिभिजन वन कार्यालय गोदार ले यसलाई नियन्त्रण गर्ने पहल सुरु गरेको छ । वन अधिकृत मण्डलले अतिक्रमित वनको जग्गा खाली गराउने बताउनुभयो ।

उहाँले करिब ३० हेक्टरभन्दा बढी जग्गा अतिक्रमणमा परेको जानकारी दिँदा ती जग्गालाई अतिक्रमणमुक्त गराएर तार जाली लगाउने र वृक्षरोपण गर्ने योजना रहेको जानकारी दिनुभयो ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजन प्रमुख विनोद सिंहले सार्वजनिक वन क्षेत्रभित्र पर्ने भूभागमा स्वामित्व दाबी गर्न वा खरिद-बिक्री गर्नु गैरकानुनी भएको बताउनुभयो ।

उहाँले यस विषयमा छानबिनको प्रक्रिया अगाडि बढाइएको बताउँदै केही प्रमाणहरू सङ्कलन गरिएको जानकारी दिनुभयो ।

उहाँले वन क्षेत्रको जग्गा यसरी अनधिकृत किनबेच र कब्जाले प्राकृति स्रोतमाथि असर पर्ने बताउँदै वन विनासको असर मधेश प्रदेशमा प्रत्यक्ष रूपमा देखिएको बताउनुभयो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मलङ्गवा अस्पतालको आकस्मिकबाहेकका सेवा बन्द



**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, बर्दिवास**

सर्लाही सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पतालका चिकित्सकमाथि हातपात भएको छ । चिकित्सकमाथि हातपात भएको विषयलाई लिएर मङ्गलबारदेखि नै अस्पतालमा ओपिडी सेवा बन्द गरिएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सञ्जीव सिंहले दोषीमाथि कानुनी कारवाहीको माग गर्दै अस्पतालको आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरिएको जानकारी दिनुभयो ।

अस्पतालमा हड्डी भाँचिएर उपचारमा लागि आएका मलङ्गवाकै एक जना बिरामीलाई अन्यत्र रेफर गर्ने विषयलाई लिएर सोमबार राति बिरामीका आफन्तले अस्पतालमा कार्यरत अर्थोपेडिक डा. कृष्णजङ्ग साहमाथि हातपात गरेका थिए । डा. साहमाथि हातपात गर्नेलाई तत्काल पक्राउ गरी कारवाही गर्न माग गर्दै अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीले दुई दिनदेखि आकस्मिकबाहेकका सेवा ठप्प पारेका हुन् ।

नेपाल चिकित्सक सङ्घले प्रेस विज्ञप्ति जारी गरी चिकित्सकमाथि हातपात गर्ने व्यक्तिलाई तत्काल पक्राउ गरी कारवाही गर्न माग गरेको छ । मलङ्गवा अस्पतालको ओपिडी सेवा ठप्प हुँदा अस्पतालमा उपचारका लागि आएका बिरामी मारमा परेका छन् ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस्**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**यातायात व्यवस्था कार्यालय जनकपुरधाम**

# महिनाथपुरमा भारतीय एसएसबीले चलायो ४ राउण्ड गोली, एक भारतीय घाइते

**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, बर्दिवास**

धनुषाको नेपाल-भारत सीमावर्ती क्षेत्र महिनाथपुरमा भारतीय सशस्त्र सीमा बल ( एसएसबी) ले चलाएको गोली लागेर एक भारतीय घाइते भएका छन् ।



गोली प्रहारबाट ४५ वर्षीय भारतीय नागरिक भर्ता पासमान घाइते भएका हुन् । घटनाको समयमा स्थानीय व्यापारी लालमोहन पासमानसँग विवाद भएपछि स्थिति नियन्त्रणमा लिन खोज्दा एसएसबीले गोली चलाएको भारतीय सुरक्षा अधिकारीलाई उद्धृत गर्दै सशस्त्र प्रहरीले जनाएको छ ।

धनुषाको विदेह नगरपालिका-१ स्थित महिनाथपुर नजिकको भारतीय भूभाग महिनाथपुरमा खाद्य सामग्री ओसारपसारका क्रममा उत्पन्न विवादपछि भारतीय एसएसबीले चार राउण्ड गोली चलाएको पुष्टि भएको छ ।

पासमानको कम्मरमा दुई राउण्ड गोली लागेको छ । घटनापछि सो सीमा तत्कालकालागि बन्द गरिएको छ ।

# आरोपीको तस्वीर सार्वजनिक गर्न निषेध

**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, बर्दिवास**


आरोपीहरुको तस्वीर तथा भिडियोहरु सार्वजनिक नगर्न प्रहरी कार्यालयहरुलाई प्रहरी प्रधान कार्यालयले परिपत्र गरेको छ ।

साउन ५मा प्रहरी कार्यालयहरुलाई परिपत्र गर्दै प्रेस मिट गर्दा वा सञ्चार माध्यम सूचना मेल गर्दा पनि पक्राउ परेका आरोपीहरुको कुनै पनि तस्वीर तथा भिडियो सार्वजनिक नगर्न भनिएको छ । नेपाल प्रहरीको केन्द्रीय प्रवक्ता तथा डीआईजी विनोद घिमिरेले पनि आरोपीको तस्वीर र भिडियोहरु सार्वजनिक नगर्न भन्दै परिपत्र गरिएको पुष्टि गरे ।

उनका अनुसार महान्यायाधीवक्ता कार्यालयको तस्वीर, भिडियोहरु सार्वजनिक नगर्न भन्दै प्रहरी प्रधान कार्यालयलाई परिपत्र गरेपछि यस्तो निर्णय गरिएको हो ।

असार १९मा महान्यायाधीवक्ता कार्यालयले आरोपितहरुको तस्वीर र भिडियो सार्वजनिक गर्न नहुने निर्णय गरेको थियो । उक्त निर्णयको जानकारी प्रहरी प्रधान कार्यालयलाई गराइएको थियो ।

जसकारण अबदेखि भने आरोपीको तस्वीर, भिडियोहरु सार्वजनिक नहुने भएको छ । यद्यपी कुनै ठूलो जघन्य अपराधमा संलग्नल रहेको र त्यस्ता व्यक्तिको तस्वीर, भिडियो सार्वजनिक नगर्दा समाजलाई थप क्षति तथा हानी हुने अवस्थामा भने प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभागको स्वीकृती लिएर सार्वजनिक गर्न सकिने पनि उल्लेख छ ।







**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जलेश्वरमा बहुउद्देश्यीय व्यापारिक भवनको उद्घाटन





**खबर दर्पण समाचारदाता**

**साउन ७ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर नगर पालिकामा निर्माण सम्पन्न भएको बहुउद्देश्यीय व्यापारिक भवनको बुधबार औपचारिक उद्घाटन गरिएको छ ।

१३ करोड ९४ लाख रुपैयाँभन्दा बढीको लागतमा सम्पन्न उक्त भवनको उद्घाटन उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले गरेका हुन् ।

संघीय सरकारअन्तर्गत शहरी विकास तथा भवन निर्माण कार्यालय धनुषाद्वारा निर्मित यो भवन स्थानीय उत्पादनको प्रवर्द्धन र व्यवसायिक गतिविधिको केन्द्रका रूपमा प्रयोग हुने अपेक्षा गरिएको छ । भवनको भुइँतल्लामा खुला बजार राखिएको छ । त्यहाँ स्थानीय उत्पादन तथा खुद्रा व्यापार गर्न सकिने व्यवस्था गरिएको छ ।

कार्यालय प्रमुख विनोद यादवका अनुसार पहिलो तल्लामा १५ वटा व्यवसायिक सटर र दोश्रो तल्लामा डिपार्टमेन्ट स्टोरका लागि च्याम्बर कोठा, रेस्टुरेन्ट एरिया र सम्मेलन हल निर्माण गरिएको छ ।

साथै सबै तल्लामा महिला र पुरुषका लागि स्वच्छ शौचालय, इलेक्ट्रिकल, स्यानिटरी जडान तथा अन्य आवश्यक पूर्वाधार हरु पूर्ण रूपमा तयार पारिएको उनले जानकारी दिए ।

परियोजनाअन्तर्गत जलेश्वर सिक्स लेन होटल इन्द्रेणी लजदेखि मुख्य बजारसम्मको ३४८ मिटर सडक इन्टर लकमार्फत निर्माण गरिएको छ । यस्तै, खसी बजारतर्फ जाने करिब ६४० मिटर लम्बाइको सडक तथा नालाको ढलान कार्यसमेत सम्पन्न गरिएको छ ।

मन्त्री सिंहले उद्घाटन कार्यक्रममा बोल्दै यो भवनले स्थानीय उद्यमशीलता र व्यवसाय प्रवर्द्धनमा योगदान दिने विश्वास व्यक्त गरे । उनले नगर क्षेत्रको समुचित विकासका लागि यस्ता पूर्वाधार परियोजना आवश्यक रहेको बताए ।

स्थानीय व्यापारी र सर्वसाधारणले यस्तो संरचनाबाट जलेश्वरको आर्थिक र शहरी रूपान्तरणमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# मधेस प्रदेश विपद संकटग्रस्त क्षेत्र घोषणा

**खबर दर्पण समाचारदाता**

**साउन ७ गते, बर्दिवास**

सरकारले मधेस प्रदेशका आठ वटा जिल्लालाई विपद संकटग्रस्त क्षेत्र घोषणा गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषद बैठकले गृहमन्त्री रमेश लेखकको सिफारिसमा विपद संकटग्रस्त घोषणा भएको हो। तीन महिनाका लागि उक्त मधेस प्रदेश संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो।

मधेस प्रदेश सरकारले मंगलबार संकटग्रस्त क्षेत्र घोषणा गर्नका लागि संघीय सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो।

मधेसमा पानी नपरेर सुख्खा भएको, पर्याप्त पानी भरण हुन नसकेको, मुहान सुकेको, पानीको चरम अभावका कारण सिँचाइमा समेत प्रभाव परेकाले संकटग्रस्त क्षेत्र घोषणाको माग गरेको थियो।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४को दफा १४ को उपदफा (द)मा संकटग्रस्त क्षेत्र घोषणा गर्न संघीय सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

गृह मन्त्रालयका अनुसार अहिले मधेसमा कुल क्षेत्रफलको ४६ प्रतिशत जमिनमा मात्रै रोपाइँ सकिएको छ।

सुख्खाका कारण उत्पादनमा समेत ह्रास आउने भनेर संकटग्रस्त क्षेत्रको घोषणा गर्न माग भएको हो।


सार्वजनिक स्थानमा धुम्रपान नगरौं
सभ्य नागरीकको परिचय गरौं ।

नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

रामगोपालपुर नगरपालिका

महोत्तरी

नसर्ने रोगबाट बच्ने उपाय ।

- धुमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

औरही नगरपालिका, महोत्तरी




गौशाला नगरपालिका
महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,